-www.kapilvastumun.gov.np

# कपिलवस्तु नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

तौलिहवा, कपिलवस्तु

**Kapilvastu Municipality Office**

Taulihawa, Kapilvastu

फोन ०७६–५६०३०५,५६०२०१
फ्याक्स ०७६–५६००१९

प.सं. : ०७५/०७६ शिक्षा शाखा

च.नं. :

मिति : २०७५/९/२६

**विषय: युवा प्रतिभा पहिचान कार्यक्रममा सहभागिताका लागि निवेदन दिने सूचना ।**

श्री सम्बन्धित सबै युवाहरु:
कपिलवस्तु ।

युवा तथा खेलकुद मन्त्रालय, राष्ट्रिय युवा परिषद सानोठिमीबाट मिति २०७५।९।१७ मा प्रकाशित सूचना **"उद्दम परियोजना प्रस्ताव लेखन तथा प्रस्तुतीकरण प्रतियोगिता"** मा सहभागी हुनका लागि कपिलवस्तु जिल्ला भित्रका १६ देखि ४० बर्ष उमेर समूहका इच्छुक युवाहरुले देहाय अनुसारको आवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ । विस्तृत जानकारीका लागि वेवसाइट WWW.nyc.gov.np मा हेर्न समेत सूचित गरिन्छ ।

विमल आचार्य
प्रमुख प्रशासकीय अधिकृत

१) **"उद्दम परियोजना प्रस्ताव लेखन तथा प्रस्तुतीकरण प्रतियोगिता"** मा आवेदन गर्ने सम्बन्धी जानकारी:

क) पेश गर्नुपर्ने कागजातहरु: नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, आफूले तयार गरेको प्रस्तावित उद्दम परियोजनाको सफ्ट तथा हार्ड कपि ।

ख) **"उद्दम परियोजना प्रस्ताव पेश गर्ने तरिका:** : सम्पर्क विवरण खुलेको निवेदनका साथमा प्रतियोगीको हस्ताक्षरबाट प्रमाणित गरेको नेपाली भाषामा लेखिएको उद्दम परियोजना प्रस्ताव पेश गर्नु पर्ने ।

**ग) पेश गर्ने स्थान : कपिलवस्तु नगरपालिका**

**घ) पेश गर्ने मिति: २०७५ माघ १५ गते सम्म ।**

ङ) जिल्लास्तरबाट प्रथम हुने एकजनालाई प्रदेश स्तरको प्रतियोगितामा सहभागी हुन पठाइने । प्रदेश स्तरमा प्रथम द्धित्तिय र तृतिय हुने ३ जनालाई राष्टियस्तरको प्रतियोगितामा सहभागी हुन पठाइनेछ ।

च) प्रदेश र राष्ट्रियस्तरको प्रतियोगितामा प्रथम, द्धित्तिय, तृतिय र सान्त्वाना हुने लाई प्रमाणपत्र र नगद पुरस्कार प्राप्त हुनेछ । यी प्रदेशमा भागलिदाको आतेजाते भत्ता तोकिए बमोजिम हुनेछ ।

छ) उद्दम परियोजना प्रस्ताव लेखन स्वयंले लेखी टाइप गरी प्रत्येक पानामा दस्तखत गरी यस कपिलवस्तु नगरपालिकामा बुझाउनु पर्ने र प्रस्तावको सारांश प्रस्तुतीकरण गर्नुपर्नेछ ।

**२) प्रतियोगिता सञ्चालन हुने मिति र स्थान:: २०७५ माघ २५ गते कपिलवस्तु नगरपालिकामा ।**